# निक्षेप तथा कर्जा सुरक्षण कोष

०१-४४१०६५९
फोन नं. ०१-४४२१२४१
०१-४४१७६०२
फयाक्स नं. ९७७-४४३१७१०
E-mail: info@dcgf.gov.np
info@dcgf.org.np
Website: www.dcgf.gov.np
टंगाल, काठमाडौं

प्रेश विज्ञप्ति: कोषद्वारा आयोजित क्वीज प्रतियोगिता सम्पन्न

आफ्नो स्थापनाको ४९औं वर्ष पूरा गरी ५० औं बर्ष प्रवेश गर्न लागेको स्वर्ण अवसरमा मिति २०८०/०५/२९ गते शुक्रवारको दिन कोषद्वारा आयोजित अन्तर बैङ्क क्वीज प्रतियोगितामा नबिल बैङ्क, एभरेष्ट बैङ्क, आइ सि एफ सि फाइनान्स, मेरो माइक्रोफाइनान्स, साँग्रीला बिकास बैङ्क, नेपाल राष्ट्र बैङ्क, कुमारी बैङ्क, माछापुच्छ्रे बैङ्क, प्रभु बैङ्क, नेपाल एसबिआई बैङ्क र एनआईसि एशिया बैङ्कका प्रतियोगी, अन्य सहभागी तथा कोषका प्रमुख कार्याकारी अधिकृत रमेश घिमिरे, नायब प्रमुख कार्यकारी अधिकृत उषा पौडेल लगायत कोषका विभागीय प्रमुख तथा अन्य कर्मचारीहरुको बाक्लो उपस्थितिमा सफलताका साथ प्रतियोगिता सम्पन्न भयो ।

३ बजेबाट औपचारिक रुपमा सुरु भएको उक्त कार्यक्रम कोषको प्रवन्धक मन्दिरा थपलियाले सञ्चालन गर्नु भयो भने दमयन्ति जोशीले क्विज मास्टरको रुपामा मनोरञ्जनात्मक रुपमा प्रतियोगीता सञ्चालन गर्नुभयो । प्रथम चरणमा ११ प्रतियोगी समूहबीच प्रतिस्पर्धा गराई सफल ५ प्रतियोगी समूहलाई दोस्रो चरणमा लगी ३ राउण्डमा सञ्चालन भएको प्रतिस्पर्धात्मक खेलमा क्रमश: एभरेष्ट बैङ्क, नेपाल एसबिआई बैङ्क र नेपाल राष्ट्र बैङ्कले प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरे ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरेका प्रतियोगीहरुलाई कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले प्रमाणपत्र, मेडल र ट्रफि प्रदान गरी सम्मान गर्नुभयो भने यस्ता प्रतियोगिताहरुले सिकाईलाई ताजा बनाउनुका साथै एक आपसमा परिचयात्मक अवसरको अभिबृद्धि गर्ने हुँदा यस्ता कार्यक्रम बेला बखत आयोजना हुनुपर्ने अभिव्यक्ति राख्नुभयो । साथै, मिति २०८०/०५/३० गते आयोजना हुने Walkathon तथा 5K Fun Run मा उपस्थित भई उक्त कार्यक्रम समेत सफल पारिदिनुहुन आग्रह गर्दै प्रतियोगिता अन्त्य भएको घोषणा गर्नुभयो ।